**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २९ सितम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. मुख्यमन्त्री ममता ब्यानर्जीले उत्तर बङ्गालमा हालसम्म बाढ़ी तथा पहिरोमा परि ज्यानमाल गुमाउनेहरुलाई आर्थिक सहयोगको घोषणा गर्नु भएको छ।

२. सर्वोच्च न्यायालयमा कोलकाताको आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा एक जूनियर डाक्टरसँग भएको दुष्कर्म तथा हत्या मामलाको भोलि सुनवाई हुनेछ।

३. दार्जिलिङ पहाड़का सुपरिचित नाट्यकर्मी ललित तिवारीलाई स्व. मनबहादुर गुरुङ नाट्य सम्मान २०२४ ले अलङ्करण गरिएको छ।

४. आकाशवाणी खरसाङको समाचार विभागको आयोजनामा स्वच्छता नै सेवा अभियान अन्तर्गत आज कवि गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।

५. गोर्खाल्याण्ड क्षेत्रीय प्रसाशनका प्रमुख कार्यपाल अनित थापाले जी.टी.ए क्षेत्रलाई प्रतिनिधित्व गर्दै राज्य स्तरीय अन्डर-१७ फुटबल खेल्न गइरहेका दार्जीलिङका खेलाडीहरूलाई शुभकामना दिनु भएको छ।

**ममता-उत्तर बंगाल**

मुख्यमंत्री ममता बनर्जी आज उत्तर बंगालको दुइ दिवसीय भ्रमणमा सिलगड़ी आइपुग्नु भएको छ। मुख्यमंत्री ममता बनर्जी कोलकाताबाट लगभग ३ बजेर ३० मिनटमा सिधा बागडोगरा हवाई अड्डा आइपुग्नुभयो जसपछि उहाँ सड़क मार्ग भएर उत्तरकन्या जानुभयो। आज मुख्यमंत्रीले उत्तरकन्यामा एउटा प्रशासनिक बैठक गर्नुभयो। यस बैठकमा जिल्ला प्रशासन सहित मुख्य सचिव पनि उपस्थित थिए। उत्तरकन्यामा मुख्यमंत्रीले प्रशासनिक बैठक गरी दार्जिलिंग अनि कालेबुङ साथै अलीपुरद्वार कूचबिहार अनि जलपाईगुड़ीको स्थिति बारे चर्चा गर्नुभयो। उत्तर बंगालमा हालै आएको बाढ़ी अनि पैह्रोमा परी ज्यान-माल गुमाउनेहरुलाई आर्थिक सहायता दिइने मुख्यमंत्रीले घोषणा गर्नुभएको छ। यसको साथै हालै सिलगड़ीको बिधान मार्केटमा भएको आगलगीको क्षयक्षतिको संज्ञान लिनुहुँदै जलेको प्रत्येक पसललाई १ लाख रुपियाँ अनि अग्निकाण्डमा ज्यान गुमाउनेहरुका निकट परीजनलाई २ लाख रुपियाँ अनि घाइते व्यक्तिहरुलाई समस्त चिकित्सा सुविधा सरकारले दिने पनि मुख्यमंत्रीले बताउनुभएको छ। उहाँले कुचबिहार जलपाइगड़ी दार्जीलिङ कालेबुङ उत्तर अनि दक्षिण दिनाजपुर अनि मालदा जिल्ला प्रशासनलाई हर संभव सहयोग गर्ने निर्देश दिनुभएको छ। मुख्यमंत्री पहाड़ आउनुहुने संभावना पनि रहेको छ।

****** ० ******

**मुख्यमंत्री दामोदर**

दुर्गा पूजा अघि दामोदर घाटी निगम (डीवीसी) ले अधिक पानी छोड़ेको कारण पश्चिम बंगाल को धेरै जिल्लाहरुमा बाढ़को स्थिति बनेको छ। बाढ़को कारण मानिसहरुले धेरै नोक़सान उठाउन परेको छ। यसै बीच मुख्यमंत्री ममता बनर्जी उत्तर बंगालको भ्रमण पछि कोलकाता फर्कनु भए पछि सोमवारको दिन दमदम अंतरराष्ट्रीय हवाई अड्डाबाट सीधा नवान्नमा एउटा प्रशासनिक बैठकमा भाग लिनुहुनेछ। सूत्र अनुसार यस बैठकमा बाढ़को चर्चा हुने संभावना छ।

****** ० ******

**ममता ब्यनर्जी दुर्गा पूजा**

पश्चिम बंगालको मुख्यमन्त्री ममता ब्यनर्जीले आगामी मंगलवारदेखि दुर्गा पूजा पण्डालहरूको उद्घाटन गर्न शुरू गर्नुहुनेछ। राज्य सचिवालयका एकजना उच्चपदस्थ अधिकारीले आज यस आशयको जानकारी दिनुभएको हो। अधिकारी अनुसार मुख्यमन्त्रीले आगामी एक अक्टोबरमा राज्यका अग्निशमन मन्त्री सुजित बसुको श्रीभूमि स्पोर्टिंग क्लबको पूजा पण्डालको उद्घाटन गर्नु हुने सम्भावना छ। यो कोलकाताको लेक टाउन क्षेत्रमा अवस्थित छ। यो उद्घाटन महालयभन्दा एक दिनपूर्व हुनेछ। यस अतिरिक्त ममता ब्यनर्जीले दुबराजपुर (बीरभूम) र अलिपुरद्वारको बीरपाड़ामा तीनवटा नयाँ अग्निशमन केन्द्रहरूको पनि उद्घाटन गर्नु हुनेछ।

****** ० ******

## उच्चतम न्यायालय- आर.जी कर

सर्वोच्च न्यायालयमा कलकताको आर.जी कर अस्पतालमा एक जूनियर डाक्टरसित भएको दुष्कर्म अनि हत्या मामिलामा भोलि सुनवाई हुनेछ। न्यायालयको वेबसाइटमा प्रकाशित वाद सूची अनुसार मामलाको स्वतः संज्ञान लिदै मुख्य न्यायाधीश डी.वाई चन्द्रचुड़को अध्यक्षता भएको तीन न्यायाधीशहरूको पीठले भोलि फेरि सुनवाई गर्नेछ। गत हप्ता न्यायाधीशहरूको पीठले पश्चिम बंगाल सरकारको अनुरोधमा २७ सितम्बरमा हुने सुनवाईलाई स्थगित गरिदिएको थियो। यसअघि शीर्ष अदालतले राज्य सरकारको आदेशमाथि चिन्ता व्यक्त गरेको थियो जसमा महिला डाक्टरहरूलाई रातमा काम गर्नदेखि छूट दिने भनिएको थियो। सर्वोच्च न्यायालयको हस्तक्षेप पछि पश्चिम बंगाल सरकारले यो अश्वासन दिएको थियो कि लैंगिंक समानताको बुनियादी संवैधानिक आधारमा कुनै पनि शर्त लागू गरिने छैन। सर्वोच्च न्यायालयले यस घटनालाई भयावह बताउदै भनेको थियो, यो देशभरि मै डाक्टरहरूको सुरक्षासित जोड़िएको मुद्दा रहेको बताएको थियो। न्यायालयले यसको निम्ति एक राष्ट्रीय कार्य बल- एन.टी.एफ-को गठन गर्ने पनि आदेश दिएको थियो।

उल्लेखनीय छ आरजी कर अस्पतालमा युवा डाक्टरसित भएको दुष्कर्म अनि हत्याको मामिलामा न्यायको माग गर्दै जुनियर डाक्टरहरूले लगातार आन्दोलन गरिरहेका छन्। लगभग डेढ़ महिनासम्म हड़ताल गरेपछि राज्य सरकारको पक्षबाट आश्वासन पाएपछि उनीहरू काममा फर्किएका छन्। यसै बीच उनीहरुले  फेरि हड़ताल गर्ने चेताउनी दिइएको छ। गत शनिवार राती सम्पन्न भएको बैठक पश्चात पश्चिम बंगाल जुनियर डाक्टर्स फ्रण्टका प्रतिनिधिहरूले बताए कि यदि उनीहरू सोमवारको सर्वोच्चा न्यायलयको  फेसलाबाट सन्तुष्ट भएनन् भने त्यसै साँझ ५ बजेदेखि सबै सरकारी मेडिकल कलेजहरूमा पूर्ण हड़ताल पुनः शुरू गरिनेछ।

****** ० ******

## नाटय सम्मान २०२४

दार्जिलिङ पहाड़का सुपरिचित नाट्यकर्मी ललित तिवारीलाई स्व. मनबहादुर गुरुङ नाट्य सम्मान २०२४ ले अलङ्करण गरिएको छ। मनबहादुर गुरुङ स्मृति प्रतिष्ठान-को आयोजनामा सोनादा डिग्री कलेजमा सो अलङ्करण कार्यक्रम सम्पन्न भएको थियो। सोनादा डिग्री कलेजकी प्राचार्य डा. रागिनी थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वरिष्ठ साहित्यकार डा जीवन नामदुङ प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। यो सम्मानले सम्मानित हुने नाट्यकर्मी ललित तिवारीले धेरै लामो समयदेखि नाटकको क्षेत्रमा विशेष योगदान दिँदै आइरहेका छन्। उहाँलाई डा रागिनी थापा र मुख्य अतिथि डा. जीवन नामदुङको बाहुलीबाट अङ्ग वस्त्र, नेपाली टोपी पहिर्याएर स्मृति चिन्ह प्रदान गरेर सम्मान जनाइयो।

****** ० ******

## कवि गोष्ठी

आकाशवाणी खर्साङ्ग समाचार एकांशद्वारा स्वच्छता नै सेवा कवि गोष्ठी सम्पन्न गरियो। आकाशवाणी खर्साङ्गको प्रेक्षागृहमा आयोजित यस कवि गोष्ठीमा खर्साङ्ग क्षेत्रका १५ जना ख्याति प्राप्त कवि कवित्रीहरूले स्वच्छ भारत अभियान, स्वच्छता नै सेवा, स्वच्छता व्यवहारमा अनि स्वच्छता संस्कारमा जस्ता विषयहरूमा प्रेरक कविताहरू प्रस्तुत गर्नु भयो। कविताहरूको माध्यमले प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा थालिएको अभियानलाई जनसाधारणसम्म पुरयाउनुमा कविहरू, साहित्यकारहरू अनि पत्रकारहरूको भूमिका निकै महत्वपूर्ण रहेको भन्ने सबैले मन्तव्य पोखे। आकाशवाणी समाचार एकांशका समाचार प्रमुख अशोक चौरसियाले स्वच्छ भारत अभियान तथा यो वर्ष स्वच्छता ही सेवा आह्वानबारे गहन प्रकाश पारे। यो वर्षको मुख्य विषय स्वभावमा स्वच्छता अनि संस्कारमा स्वच्छता रहेको उल्लेख गर्दै जब देशका प्रत्येक जनको अन्तरहृदयमा यो भावना जागृत हुन्छ तब अवश्य हाम्रो भारत स्वच्छ भारत र समृद्ध भारत हुन्छ। समृद्ध भारत नै विकसित भारतको आकार लिन्छ अनि विश्व गुरूको प्राचीन गौरव पुनः फर्किन्छ भन्ने दृढ़ विश्वास प्रधानमंत्री नरेन्द्र मोदीको रहेको उल्लेख गर्नु भयो। यस अवसरमा बरिष्ठ समाज सेवी टी.टी. लामाले विश्वमा कैयन देशहरू स्वच्छ छन् र ती देशहरूलाई स्वच्छ बनाउन त्यहाँका सरकार र जनता कटिबद्ध रहेको कुराको उल्लेख गर्दै विदेशमा स्वच्छता अनि त्यसको सार्थकता माथि प्रकाश पार्नु भयो। आकाशवाणी खर्साङ्गका कार्यक्रम प्रमुख पारस चन्द्र आलेले सानो सानो प्रयासका असर आउने दिनहरूमा कसरी पर्न जान्छ त्यसको मिठो र सारगर्भित उदाहरण नसबन्दीका बेला रेडियोमा बज्ने जिंगलको दिनु भयो। त्यसको असर आज देखिन्दैछ हामी दुई हाम्रो दुई र आज हाम्रो एकमा परिणत भएकोछ। आकाशवाणी खर्साङ्गको स्वच्छता जागरूकता अभियानले हाम्रो पाहाडवासीको मन, मस्तिष्क, आचरण, व्यवहार र संस्कारमा पाहाड़ की रानी दार्जिलिंगलाई स्वच्छ बनाउने दिशामा निश्चित नै टेवा दिनेछ भनी यस कार्यक्रमकी संयोजिका उषा किरण लामाले व्यक्त गरिन्।

****** ० ******

**अन्डर-१७ फुटबल**

गोर्खाल्याण्ड क्षेत्रीय प्रसाशनका प्रमुख कार्यपाल अनित थापाले जीटीए क्षेत्रलाई प्रतिनिधित्व गर्दै राज्य स्तरीय अन्डर-१७ फुटबल खेल्न गइरहेका दार्जीलिङ्गका खेलाडीहरूलाई शुभकामना दिनु भएको छ पश्चिम बंगाल राज्य स्कूल खेल तथा खेलकुद परिषदको तत्वावधानमा आयोजना हुन गइ रहेको ६८ औं राज्य स्तरीय अन्डर-१७ फुटबल यस वर्ष नदीयाको बेथुवादहरी जेसिएम उच्च माध्यमिक विद्यालयमा ३० सेप्टेम्बर देखि ३ अक्टोबर सम्म चल्नेछ।

****** ० ******

**डेंगु सचेतना कार्यक्रम**

सूचना तथा सांस्कृतिक विभाग खरसाङ अनि खरसाङ नगरपालिकाको संयुक्त आयोजनामा खरसाङ बजार क्षेत्रमा डेंगु सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। खरसाङ बजार क्षेत्रमा डेंगु सतर्कताको लागि सूचना अनि सांस्कृतिक विभागको लोक प्रसार प्रकल्पका कलाकारहरूले मानिसहरूलाई आफ्नो प्रस्तुति दिएर डेंगुबाट सतर्कता अप्नाउन सचेत गराएका छन्।

****** ० ******

**शशीप्रभा स्मृति पुरस्कार**

तेस्रो शशीप्रभा स्मृति पुरस्कार २०२४ प्रवीन राई जुमेलीको कविता संग्रह मेडिटेसन पीडा र प्रस्थानलाई सालबारीमा हाम्रो किताब घरद्वरा आयोजित एउटा कार्यक्रममा प्रदान गरियो।

****** ० ******

************